***Janabhawana Research Journal***
***Vol. 4, Issue No. 1, July 2025, Page: 194-212***
***ISSN: 2505-0621***

# 'घामको चुम्बन' मा पर्यावरण

सचितानन्द घिमिरे[1]

## लेखसार

*प्रस्तुत अध्ययनमा उत्तरआधुनिक समालोचना प्रणालीका प्रचलित अवधारणा तथा पद्धतिमध्ये पर्यावरणीय आधारलाई केन्द्रबिन्दुमा राखी युवराज नयाँघरेको 'घामको चुम्बन' नियात्राको विश्लेषण गरिएको छ । सन् १९६२ मा रचेल कार्सनको 'साइलेन्ट स्प्रिङ' प्रकाशनपश्चात् साहित्यमा पर्यावरणीय चेतना प्रारम्भ भएको हो । वर्तमान समयमा पर्यावरण अन्तरविषयक क्षेत्र हो । प्रस्तुत अध्ययनमा पर्यावरणीय सिद्धान्तको अध्ययन गरेर प्राप्त ज्ञानलाई वर्णनात्मक विधिद्वारा विश्लेषण गरिएको छ । स्थानीय पर्यावरणलाई सैद्धान्तिक आधारमा लेखाजोखा गरिएको छ । यस लेखमा सैद्धान्तिक अध्ययनसँग सम्बन्धित रहेर अनुसन्धनात्मक पद्धति अवलम्बन गरी अध्ययनकार्यलाई वस्तुनिष्ठ र प्रामाणिक बनाइएको छ । 'घामको चुम्बन'मा विशेषतः कृतिभित्र पर्यावरणको प्रकृति, स्वरूप, परिवर्तन, क्षय, विनाश आदिको पुस्तकालयीय अध्ययन विधिद्वारा विश्लेषणत्मक अध्ययन गरिएको छ । नेपालको समग्र प्राकृतिक पर्यावरणदेखि सामाजिक, सांस्कृतिक, भाषिक, साङ्गीतिक, साहित्यिक, प्रकोपीयलगायतका विविध पर्यावरण समेटिएको यस लेखले 'घामको चुम्बन'भित्रको नेपालीपनलाई ऐनाको रूपमा उभ्याएको छ । अनुसन्धानका क्रममा कृति विश्लेषण पद्धतिलाई प्रमुख आधार मानी 'घामको चुम्बन' नियात्राको मूल्याङ्कन गरिएको छ । प्रस्तुत लेखमा एउटै कृतिले नेपाली पर्यावरणको विविध चित्रण गर्न सक्नु आफैँमा उल्लेखनीय उदाहरण हो भन्ने निचोड निकालिएको छ ।*

*शब्दकुञ्जी :* पर्यावरण, स्थानीयता, सामाजिक, सांस्कृतिक, ग्रामीण ।

**Article information**
*Received: 02-06-2025 Reviewed: 10-06-2025 Revised: 25-06-2025 Accepted: 11-07-2025*
** Corresponding Author's Email: ghimiresachitananda@gmail.com*
*Cite this article as:*
Ghimire, S. (2025). Ghamko chumbanma paryabaran. *Janabhawana Research Journal, 4*(1), 194-212. https://doi.org/10.3126/jrj.v4i1.82431

This work is licensed under the Creative Commons CCBY-NC License
https://creativecommons.org/licenses/by-nc/4.0/

[1] Ph.D. Scholar, Kathmandu University

## विषय परिचय

नियात्राकार युवराज नयाँघरेको जन्म वि.सं. २०२६ सालमा इलाम जिल्लाको नाम्सालिङमा भएको हो । स्नातकसम्मको औपचारिक शिक्षा हासिल गरेका नयाँघरे विशेष गरी निबन्ध र नियात्रा लेखनमा जमेका छन् । कृति प्रकाशनका दृष्टिले पनि निबन्ध र नियात्रा सङ्ग्रह सरोबरी प्रकाशित गरेका छन् । कृति रचना र प्रकाशनले मात्र नभई पुरस्कार प्राप्तिले पनि नयाँघरेको प्रतिभालाई आँकलन गर्न सकिन्छ । उनलाई गुणात्मक एवम् सङ्ख्यात्मक दुवै दृष्टिकोणले सफल लेखक मान्न सकिन्छ ।

'घामको चुम्बन' नियात्रा सङ्ग्रहमा २३ ओटा नियात्राहरू सङ्गृहीत छन् । यस सङ्ग्रहभित्रका नियात्राका पर्यावरणमा उत्तरमा हिमालय पर्वतदेखि तराईको समथर भूभागसम्म र पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको छ । अर्थात् सिङ्गो नेपाल समेटिएको छ । केवल भौगोलिक पर्यावरण मात्र नभएर नियात्राले धार्मिक, सांस्कृतिक, सामाजिक, आर्थिक, ऐतिहासिक आदि पर्यावरणसमेत समाहित गरेको छ । नियात्राकार उच्च हिमशृङ्खलामा बर्कुसी मार्छन्, महाभारत पर्वतमालामा सुस्ताउँछन् भने चुरेभावरमा लोलाउँछन् । द्वन्द्वकालीन नेपाली सामरिक परिवेशले पनि नियात्रामा स्थान पाएको छ । युद्धका घाउपिप, खत र चित्कारले नियात्राकार रुँदारुँदै अलअलिएका छन् । विदेशीको साँध मिचाहा प्रवृत्तिमा उनी बेसरी दुखेका छन् । पर्यावरणप्रति मानिसले अतिक्रमण गरेकोमा उनको आङ सिरिङ्ग गर्छ । जङ्गल विहारबाट उनी आदिम ऋषिमुनिको त्रिकालदर्शी युगमा प्रवेश गर्छन् । नेपालको सामाजिक, सांस्कृतिक र भाषिक भण्डारप्रति गौरवले भुइँमा खुट्टा राख्दैनन् । यस सङ्ग्रहका नियात्रालाई पर्यावरणीय ढुकुटी रहेको छ ।

## सैद्धान्तिक पर्याधार

पर्यावरण हरेक साहित्यक विधाको प्रत्यक्ष/परोक्ष तत्त्व हो । कृतिमा पर्यावरणको आधारभूमिका रूपमा प्रकृति, समाज, संस्कृति, धर्म, अर्थ, राजनीति, जीवनशैली, काल, स्थान आदि रहेका हुन्छन् । नियात्रामा पर्यावरणलाई अनिवार्य मात्र होइन, प्राण तत्त्वका रूपमा स्वीकार गरिन्छ । लेखकले देखेभोगेका अनुभवलाई अवलोकन, चिन्तन र कलाको त्रिकोणात्मक संयोजनले सिँगारपटार गरेका हुन्छन्।

पर्यावरणीय समालोचना उत्तरआधुनिक समालोचना सिद्धान्तको उपज हो । यो सिद्धान्तले विशेषतः प्रकृतिलाई केन्द्रमा राख्छ । मानव र मानवेतरबिच अन्योन्याश्रित सम्बन्ध छ । यति मात्र होइन, सजीव र निर्जीवबिचमा पनि उत्तिकै घनिष्ट सम्बन्ध छ, परोक्ष होस् वा अप्रत्यक्ष । प्रकृतिले सारा प्राणीलाई समान व्यवहार गरेको हुन्छ भने हरेक सजीवले आफ्नो प्राकृतिक स्वभावअनुसर प्राकृतिक वस्तुको उपयोग गर्न पाउनुपर्छ । यस्तै वैचारिक एवम् सैद्धान्तिक धरातलमा सन् १९८९ देखि विधिवत् रूपमा चेली ग्लेटफेल्टीद्वारा स्थापित समालोचना नै पर्यावरणीय समालोचना हो । चेरल ग्लोटफेल्टीले सन् १९८९ मा आयोजित 'विश्व साहित्य सम्मेलन' प्रस्तुत गरेको कार्यपत्रलाई ओटेगन विश्वविद्यालयले मान्यता दिएपश्चात् यो समालोचना प्रणाली प्रारम्भ भएको हो ।

कुनै पनि साहित्यिक कृतिको समालोचना गर्ने क्रममा आआफ्नै मूल्य, मान्यता र सिद्धान्तको कसी हुन्छ । पाश्चात्य समालोचनाको इतिहास कोट्याउँदा फ्रान्सका हिप्पोलाइट एडल्फ टेनको नाम वैज्ञानिक, समाजपरक, यथार्थवादी समालोचनाको प्रारम्भकर्ता रूपमा लिइन्छ । उनले कृतिको रचना युगको पर्यावरणका आधारबाट कृति मूल्याङ्कन गर्न सकिने समालोचकीय अवधारणा स्थापित गराएका हुन् । टेनको 'अङ्ग्रेजी साहित्यको इतिहास' (सन् १९०६) नामक ग्रन्थबाट साहित्यको समाजशास्त्रीय अध्ययन परम्परा थालनी भएको हो (क्षेत्री, २०६४ : १७) ।

वास्तवमा समाज, संस्कृति, राजनीति, अर्थशास्त्र, दर्शन, विज्ञान, साहित्य र शिक्षामा पर्यावरणको प्रत्यक्ष प्रभाव परेको हुन्छ । हरेक व्यक्तिका आस्था, विश्वास, संस्कार र मान्यतामा पर्यावरणको जीवन्त भूमिका घुलेको हुन्छ । टेनका विचारमा पर्यावरणसम्बन्धी सिद्धान्त साहित्यको कार्य, कारण सम्बन्धलाई पूर्ण व्याख्या गर्ने सिद्धान्त हो (जैन, १९९२ :२४) । पूर्वीय तथा पाश्चात्य दुवैतिर प्रकृतिलाई सर्वोपरि महत्त्व दिइन्छ । यसरी हेर्दा आध्यात्मिकता र भौतिकताको दोभानको रूपमा प्रकृतिलाई स्वीकार गरिएको हुन्छ ।

निर्मोही व्यासले पर्यावरणको पर्याय शब्दका रूपमा 'स्थानीयता' शब्द प्रयोग गरेका छन् । जुन स्थान वा स्थानहरूको यात्रा गरिएको हुन्छ, त्यहाँको परिवेश एवम् त्यहाँ साक्षात् हुन आउने प्राकृतिक, भौगोलिक, सामाजिक, भाषिक, सांस्कृतिक विशेषता तथा विविध घटना र परिदृश्ययुक्त स्थानीय रङ्गले यात्रा साहित्यमा आधारशीलाको स्थान लिएको हुन्छ (व्यास, २०७० : ८३) । नियात्राका विषयवस्तु नै पर्यावरणीय कलेवरमा खिचिन्छन् । यसरी पर्यावरणले प्राकृतिक र अप्राकृतिक सन्दर्भका असीमित पक्षलाई समेट्दछ ।

गीता त्रिपाठीले पर्यावरणलाई आदि वा केन्द्रीय तत्त्व मानेकी छन् । उनले पनि पर्यावरण शब्दको समानार्थी शब्दका रूपमा 'स्थानीयता' शब्दको प्रयोग गरेकी छन् । नियात्राकारले स्थानीय स्थायी वस्तुस्थितिका साथै यात्रा अवधिका तत्कालीन परिवेश र वातावरणसम्बन्धी यथार्थको अङ्कनबाट प्रकृति, समाज, संस्कृति, कला, ज्ञान, स्वास्थ्य, इतिहास, राजनीति, उद्योग, व्यवसाय, व्यक्ति व्यक्तित्वको स्थानीय प्रभाव, घटना र परिवर्तन, प्रकोप आदिको चित्रण गर्नु नै स्थानीयता हो (त्रिपाठी, २०७३ : २०४८) ।

विकासको दर्शन र राजनीतिक सिद्धान्त वातावरणीय संरक्षणसित जोडिएको हुनुपर्छ । आजको वातावरणलाई सुरक्षित र सन्तुलित राख्ने हेतुले अनेक तत्त्व मिलेर एक सिङ्गो पृथ्वी बन्ने भएकाले सहरलाई पढ्न सांस्कृतिक-सामाजिक वातावरण, प्रकृतिलाई पढ्न प्राकृतिक वातावरणको आवश्यक पर्छ । यसमा विज्ञान र सामाजिक-सांस्कृतिक-राजनीतिक-नैतिक-कानुनी सबै चेतना जोडिन्छन् (भट्टराई, २०६४ : १९८) । नियात्रा र  पर्यावरणबिचरगत र मुटुको सम्बन्ध स्थापित छ । जुन एकको अभावमा अर्कोको अस्तित्वको परिकल्पना नै गर्न सकिन्न ।

नियात्रामा प्राकृतिक, सामाजिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक, राजनीतिक, आर्थिक, भाषिक, साहित्यिक, साङ्गीतिक, सामरिक आदि विविध पर्यावरण समाहित हुन्छन् ।

## 'घामको चुम्बन' मा पर्यावरणको विश्लेषण

'घामको चुम्बन' नियात्रा सङ्ग्रहमा पर्यावरणका विविध किस्तीहरू छन् । नेपालको समग्र प्राकृतिक पर्यावरणदेखि सामाजिक, सांस्कृतिक, भाषिक, साङ्गीतिक, साहित्यिक, प्रकोपीय आदि विविध पर्यावरणले कृतिलाई विलक्षण बनाएको छ । नियात्राकार सगरमाथामाथि पुगेका छन् । हिउँसँग कुस्ती खेलेका छन् । देशदुनियाँमा छोडिएका भूगोल, मान्छे तथा सौन्दर्यलाई लेखकले टप्पक्क टिपेका छन् । प्रकृति विनाशले जङ्गली जनावरलाई सङ्कटमा पार्दा उनीहरू घरको न माइतको बनेको सन्दर्भलाई उठाएका छन् । विभिन्न जातजातिका धार्मिक तथा सांस्कृतिक परिवेशलाई मात्र होइन, तिनका भाषिक पर्यावरणलाई हुबहु उतारेका छन् । सीमा अतिक्रमण भएको देख्दा उनी पुर्पुरोमा हात राखी डाँको छोडेर रोएका छन् । विकासको दुर्गति देख्दा कहालिएका छन् । उनी नेपालका अक्करे भिरमा थिरिथिरी गर्दै पुगेका छन् । जङ्गल यात्रामा मृत्युको भयलाई नजिकैबाट छामेका छन् । तराईका देहातमा असिनपसिन भएर बुर्कुसी मारेमा छन् । यात्रामा उनी भोकभोकै भौँतारिएका छन् । कतै पोलेको मकैले छाक टारेका छन् भने कतै उसिनेको आलुले पेट भरेका छन् । कतै टपरीमा भतेर खान भ्याएका छन् भने कतै होटलको चौरासी व्यञ्जन डकारेका छन् । उनी जहाँ जे मिल्छ त्यसमै खुशी छन् । उनको यात्राको उद्देश्य अवश्य भेटिन्छ । तर लोभ-मोह-अहंकारबाट उनी सदैव मुक्त छन् । उनी प्रकृतिलाई मात्र होइन, भाषा-सभ्यता, संस्कृति-पहिचान एवम् पक्षी-जनावरलाई समेत उत्तिकै माया गर्छन् । अतः 'घामको चुम्बन' मा सङ्गृहीत तेइसओटा नियात्रा मध्येबाट 'सगरमाथा उक्लेको वर्ष', 'हाँसिरहेको घाम गाइरहेका खोला र रोइरहेका बस्तीसँग', 'बुद्धको मावलमा पाहुना', 'रामकलीको माइती देश', 'महाकालीमा छुटेको मन', 'अलिखितको दूर गाउंमा', 'सन्धिखर्के सन्त्रासको खिल', 'हिलेखर्कमा हाइसन्चो', 'घामको चुम्बन' र 'दुङ्नागढीमा दौडादौड' गरी जम्मा दशओटा नियात्राभित्र रहेका निम्न पर्यावरणहरूको विश्लेषण गरिएको छ :

### भौगोलिक पर्यावरण

भौगोलिक पर्यावरण भन्नाले प्रकृतिको राजनीतिक विभाजनसँग सम्बन्धित पर्यावरण भन्ने बुझिन्छ । विषेशतः भौगोलिक पर्यावरणअर्न्तगत हिमाली, पहाडी र तराई पर्यावरणका केही साक्ष्यहरू निम्नानुसार छन् :

**अ.** पहाडका टुप्पा हिउँले सम्मिएका । हिउँका गरा-गरामा हिउँ टुसाएको, फुलेको र हिवैं फलेको लहलह । हिउँका चुचुरामा हिवैं चौंरी, हिवैं गोठाला । जताततै हिउँकै बारी, करेसाबारी । कसिकसाउ छन् हिउँकै आँगन, खला र हिउँ बोकेका माचहरू । (सगरमाथा उक्लेको वर्ष, पृ.४)

विवेच्य नियात्रामा हिमाली पर्यावरणको वर्णन गरिएको छ । पहाडका टुप्पामा हिउँ थुप्रिएपछि पहाडहरूले हिमालको रूप धारण गरेका छन् । हिमालमा जताततै हिउँ टुसाएको, फुलेको र फलेको सुन्दर पर्यावरणलाई नियात्राकारले औंल्याएका छन् । हिउँका बारी, करेसाबारी मात्र होइन आँगन, खला र हिँउका कुन्युँसमेतको पर्यावरण समेटिएको छ ।

**आ.** सगरमाथा- पूर्व र पश्चिम हिमालैहिमालको घेराबन्दीमा रहेको देखेँ मैले । भर्खरै दही मथेर घिउको थाक लगाएजस्तो थियो-सगरमाथा । एकराते कडा दहीजस्तो- हिउँको कत्लामा बुनिएको सगरमाथा नजिक पुग्दा जहाज अझ बिस्तारै उडेको हो कि भन्ने लाग्यो मलाई । (सगरमाथा उक्लेको वर्ष, पृ.८)

माथिको साक्ष्यमा सगरमाथा अरू ससाना हिमालहरूले घेरिएको पर्यावरणलाई उतारिएको छ । सगरमाथाको हिउँलाई नौनी, दहीको संज्ञा दिइएको छ । यी अनुपम दृश्य हेर्दा नियात्राकारलाई जहाजको उडान ढिलो भएको महशुस हुन्छ ।

**इ.** डाँडैडाँडा र हरियोपरियोको खातैखात । पेन्टिङजस्तो । घरैघरको असरल्ल चित्र । ('घामको चुम्बन' , पृ.२५६)

माथिको साक्ष्यमा पहाडको सजीव चित्रात्मक पर्यावरण उतारिएको छ ।

**ई.** २,१७५ मिटर उचाइको नगरकोटमा तुरुन्तै मौसम परिवर्तन हुँदो रै'छ । एकै दिनमा चार ऋतुको अनुभव हुन्छ भन्छन् नगरकोटेहरू । ('घामको चुम्बन' , पृ.२६२)

माथिको साक्ष्यमा नगरकोट पहाडको उचाईका साथै पहाडमा क्षणक्षणमै देखापर्ने विभिन्न ऋतुको झलक देखाइएको छ ।

**उ.** बाटामा पाँचऔंले र जटामसीका वनौषधी बिरुवा चिनाए सेम्देनले । पाखनबेतका जरा उखेलेर देखाए । (दुङ्गनागढीमा दौडादौड, पृ.२८६)

माथिको साक्ष्यमा पहाडी पर्यावरणमा पाइने जडीबुटीलाई चिनाइएको प्रसङ्ग आएको छ ।

**ऋ.** काला जामुन, खयर, सिमल, असारे, सिसौ आदिका हरियापरिया रुखहरू छनुन, खयर, सिमल, असारे, सिसौ आदिका हरियापरिया रुखहरू छन्- यो वनभित्र । (हाँसिरहेको घाम..., पृ.५०)

माथिको साक्ष्यमा रुखहरूको नाम उल्लेख गरेर तराई पर्यावरणलाई सङ्केत गरिएको छ ।

**ए.** हरियो फाँट, बाटोका दुवै किनारमा फुसका र जस्ता हालिएका एकदुईतले घरहरू । (बुद्धको मावलमा पाहुना, पृ. ८८)

माथिको साक्ष्यमा हरियो फाँट र फुसका घरको चित्रण गरी तराई पर्यावरणको झलक दिइएको छ ।

**ऐ**. वीरगन्ज र 'अलिखित' आपस्तमा पर्याय । किनभने 'अलिखित'को पटभूमि नै वीरगन्ज र वरपर । ( अलिखितको दूर गाउँमा, पृ.१५८)

माथिको साक्ष्यमा वीरगन्जको नाम तोकिएकाले तराई पर्यावरण स्पष्ट रूपमा रहेको छ ।

**प्राकृतिक पर्यावरण**

प्रकृतिबाट उत्पन्न भएको पर्यावरणलाई प्राकृतिक पर्यावरण भनिन्छ । प्रकृति स्वयममा बृहत् रचना हो । जीवन र जगत्को आधार नै प्रकृति हो । नदीनाला, वनजङ्गल, चट्टान, हिउँद, वर्षा, जाडो, गर्मी आदि प्रकृतिकै विविध स्वरूपहरू हुन् । 'घामको चुम्बन' नियात्रा सङग्रहरूमा प्रयुक्त प्रकृतिका विविध पर्यावरणका साक्ष्यहरूलाई निम्नानुसार उल्लेख गरिन्छ :

**अ.** बथानका बथान पानीहाँसहरू देखिन्छन् जलक्रीडामा मस्त । आपसमा चलिरहेका, जिस्किरहेका र गिल्किरहेका चाँचर, हिले काग, खोया हाँस, हाडफोरिया, बकुल्ला आदि अनेकौं पानीहाँसका फुर्तीफार्ती आह्लादकारी थिए । ज्यादै जाडो बढेपछि न्यानो खोज्दै साइबेरियाबाट नेपालका खोलानालामा आउने ब्रामिनी हाँसका जोडीहरू आपस्तमा चुच्चा जोडेर ठुँगाठुँग गर्दै डुबुल्की मारिरहेका देखिन्थे । (हाँसिरहेको घाम...पृ.४८)

विवेच्य नियात्रामा नदीमा पानीहाँसहरू पौडी रहेको सुन्दर पर्यावरण लिइएको छ । चराचुरुङ्गीहरू पानीमा खुशीसाथ जिस्किरहेका छन् । साइबेरियादेखि अनुकूल हावापानीको खोजीमा आउने ब्रामिनी हाँस प्रजातिका चराहरू पानीमै मस्त भएका देखिन्छन् ।

**आ.** खोलो कहिले हामीछेउ हुन्थ्यो, कहिले निकै पर । नारायणीका अनेक भँगाला रहेछन् दक्षिणी भेगतिर । नदीले मूल प्रवाह छोडी बनेका थुप्रै टापु नाघिरहेथ्यौं हामी । खोलो अस्तव्यस्त बगिरहेथ्यो, तथापि निरन्तरताको गीतगायनमा मस्त थियो ऊ आफ्नै सुरतालमा । (हाँसिरहेको घाम....पृ.४९)

विवेच्य नियात्रामा नारायणी नदीको पर्यावरण प्रयुक्त छ । नदी कहिले बाटो नजिक हुने र कहिले टाढा हुने कारणले यात्रीहरूसँग नजिक र टाढा हुन पुगेको देखिन्छ । यसका साथै नदीका भँगालाका कारण जमिन टापु बन्न पुगेका छन् । नदीको बहावले नियात्राकारलाई गहिरो प्रभाव छोड्न सफल छ । यसरी जलीय पर्यावरणलाई चित्रण गरिएको छ ।

**इ.** सिरुका धारिला पात देख्छु, पानीका दबदबे दह देख्छु, हरियो लेउ-झ्याउमुनि सलसंसारको सौन्दर्य देख्छु । (रामकलीको माइती देश, पृ.९६)

विवेच्य नियात्रामा सिमसारको पर्यावरण उतारिएको छ । सिमसारमा देखिने सिरु, दवदवे हिलो, लेउ झ्याउ आदि जलीय पर्यावरणको चित्रण गरिएको छ ।

**ई.** आधाआधी बाटो बाँकी हुँदो हो 'कटेज' पुग्न । हठात् एउटा अनौठो स्वरले हमला गऱ्यो हामीमाथि । यो अप्रत्याशित आक्रमणबाट ज्यान जोगाउन तितरबितर भए सबै । आतेसले पुल्टुङबाजी नै खान पुगें म त ! हाहाहूहू गरेपछि हरायो त्यो जङ्गली जन्तु । (हाँसिरहेको घाम.....पृ. ४६)

माथिको साक्ष्यमा जङ्गल यात्रामा रहेका यात्रीहरूलाई जङ्गली जनावरको सम्भावित आक्रमणको खतरा प्रस्तुत गरिएको छ । जङ्गलमा वन्यजन्तुको आक्रमण स्वभाविक हुन्छ । तर मानिस जङ्गली जनावरसँग डराउनु पनि अस्वभाविक होइन । धेरै जनाको आवाजले आक्रमणकारी जनावर भागेको सन्दर्भ उल्लेख गरिएको छ ।

**उ.** बाटामा गैँडाले गोब्रचाएका दिसाका रास भेटिन्थे; खोबिल्डामा मुतको आलो गन्धसहितको फिँज भेटिन्थ्यो । फलिफाप के थियो भने गैँडाको सम्मुखै परिएको थिएन ! (हाँसिरहेको घाम.....पृ. ४९)

माथिको साक्ष्यबाट वनमा गैँडाको सङ्ख्याको आँकलन गर्न सकिन्छ । बाटामा गैँडाका गोबर र मुत भेटिनुले गैँडाको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको जङ्गली पर्यावरणको बोध भएको छ ।

**ऊ.** कुमाल मुत सुँघ्थे र भन्थे - "बाघले मुतेर गएछ !" (हाँसिरहेको घाम.....पृ. ४९)

माथिको साक्ष्यमा जङ्गलसँग अभ्यस्त भएका व्यक्तिले बाघको पिसाबको गन्धबाट बाघको आगमनलाई चिन्न सक्ने सन्दर्भले जङ्गली पर्यावरण उतारिएको छ ।

**सांस्कृतिक पर्यावरण**

कुनै जातजाति विशेषको संस्कार परम्परा चालचलन, रीतिरिवाज, कलाकौशल आदिसँग सम्बन्धित मूल्य मान्यता नै संस्कृति हो । अत : संस्कृतिसँग सम्बन्धित पर्यावरणलाई सांस्कृतिक पर्यावरण भनिन्छ । जस्तै : नाचगान, मेलापर्व, जात्रा, कर्मकाण्ड आदि । 'घामको चुम्बन' सङ्ग्रहमा प्रयुक्त सांस्कृतिक पर्यावरणका साक्ष्यहरू निम्नानुसार छन् :-

**अ.** अहिंसाका पूजक बुद्धको मावलीथलो यस परिसरमा बलि दिने परम्परा-प्रचलनले खिन्न रहेछन् गाउँलेहरू । (बुद्धको मावलमा पाहुना, पृ.९१)

माथिको साक्ष्यमा अहिंसाका अनुयायी गौतम बुद्धका नाममा प्राणी हत्या गर्ने कुप्रथा भएको संस्कार देखाइएको छ । संस्कारको नाममा रहेको कुप्रथाबाट स्थानीयहरू समेत दु:खी भएको दर्शाइएको छ ।

**आ.** "नेपालीले चिता पखाल्ने पानीसमेत पाउँदैनन् !" (महाकालीमा छुटेको मन, पृ. १३४)

माथिको साक्ष्यमा महाकाली नदीको पानी नेपालीले कुनैपनि अवस्थामा उपयोग गर्न नपाएको सन्दर्भ उल्लेख गरिएको छ । लाशलाई दाहसंस्कार गरेपछि चिता पखाल्ने संस्कारका लागि समेत पानी नपाएको दुखेसो गरिएको छ । भारतीय हैकमीका कारण नेपालीले भोग्नुपरेको पीडालाई माथिको साक्ष्यले समेटेको छ ।

**इ.** वीरगन्जमा बिहान भेटिनुभएका मुकुन्द आचार्यले बिहानी भान्सामा परेवाको झोल खुवाउने कुराको छनक दिनुभा' थ्यो । कुन्नि पछि कुन औँसीपूर्णेको रापले पोल्यो, कलैयाछेउछाउ आउन्जेलमा उहाँको बोली लरबरिन थाल्यो र अन्ततः थाती राख्दै भन्नुभो- "पछि आउँदा इन्तिजाम गरुँला !" ( अलिखितको दुर गाउँमा, पृ. १५९)

विवेच्य नियात्रामा हिन्दू संस्कारअनुसार औँसी-पूर्णिमामा प्राणी हत्या गर्न बन्देज गरिएको सांस्कृतिक पर्यावरणलाई उतारिएको छ ।

**ई.** बाटोभरी भोटेका माने नै माने । सानो गुम्बामा तिब्बती अक्षर र चित्र । खुइलेको रङमा ढुसी पर्दै थियो । (दुङ्नागढीमा दौडादौड, पृ.२८२)

माथिको साक्ष्यमा हिमाली क्षेत्रको संस्कारलाई प्रस्तुत गरिएको छ । बौद्ध धर्मावलम्बीहरूसँग सम्बन्धित माने र गुम्बाका सांस्कृतिक पर्यावरण समेटिएका छन् । माने तथा गुम्बामा राखिएका ध्वजाको खुइलिएको रङ्ग एवम् ढुसी पर्न लागेको सन्दर्भले सांस्कृतिक बेवास्ता प्रति सचेत गराइएको पर्यावरण उल्लेख छ ।

**ग्रामीण पर्यावरण**

कुनै खास भौगोलिक स्थानमा बस्ने मानिसहरूको समुदायलाई समाज भनिन्छ । समाजका गतिविधिहरूको पर्यावरण नै सामाजिक पर्यावरण हो । ग्रामीण क्षेत्रको जनजीवनसँग सम्बन्धित पर्यावरणलाई ग्रामीण पर्यावरण भनिन्छ । 'घामको चुम्बन' सङ्ग्रहमा प्रयुक्त ग्रामीण पर्यावरणका साक्ष्यहरू निम्नानुसार छन् :-

**अ.** थनैत अर्थात् थारु जातका गोठाला-गोठाल्नीहरू सियाँलमा कोही सुतेका, कोही बसेका देखिन्थे । घाँटीमा बाँधिएका तल्र्याङतुर्लुङ घण्टी टाङटाङटुङटुङ बजाई चरिरहेका गाईबस्तुका बथान छिचोल्दै हामी उत्तरतिर लाग्यौँ । (हाँसिरहेको घाम….., पृ.५३)

माथिको साक्ष्यमा ग्रामीण क्षेत्रको यथार्थ तस्बिर उतारिएको छ । गोठालाहरू छायाँमा सुस्ताउने र गाईवस्तुका घाँटीमा घण्टी झुण्ड्याउने झलक उतार्दै ग्रामीण पर्यावरणको चित्रण गरिएको छ ।

**आ.** छुपुछुपु । अहा, धापमा थारु तरुना-तरुनीहरूको हिलो छ्यापाछ्याप कस्तो रमाइलो ! अघिको रुखो मन अहिले भयो रसिलो । खेत सम्याउनेको पङ्क्ति, बीउ काढ्नेको हुल बाक्लो थियो । (हाँसिरहेको घाम….., पृ.५५)

माथिको साक्ष्यमा रोपाइँको दृश्य देखाइएको छ । रोपाइँका क्रममा लाठे-रोपारहरू हिलो छ्यापा छ्याप गर्छन् । रोपाइँको क्रममा बाउसे गर्ने र बीउ काढ्ने ग्रामीण पर्यावरणलाई सङ्केत गरिएको छ ।

**इ.** गग्रेटोमा माटाका गाग्रीहरू थिए, छानामा कुभिन्डाहरू फलेका थिए अनि परालका माचमुनि सुँगुरहरू थिए । (हाँसिरहेको घाम….., पृ.५७)

माथिको साक्ष्यमा ग्रामीण जनजीवनमा प्रचलित गग्रेटो माथि गाग्री राखिएको, छानामा कुभिन्डो फलाइएको दृश्यलाई उतारिएको छ । परालका कुन्युँ मुन्तिर सुँगुरहरू रहनु पनि ग्रामीण पर्यावरणको वास्तविक सन्दर्भ हो ।

**ई.** कतै मलखाल्डोमा डोका-नाम्लासहितका आइमाई, कतै आँगन-करेसामा केटाकेटीको रुमलो देख्छु । काँक्रा-फर्सीका दुईतीनपाते मुना देखिन्छन् । (बुद्धको मावलमा पाहुना, पृ.८४)

माथिको साक्ष्यमा खेतीपातीको प्रसङ्गलाई दर्शाइएको छ । ग्रामीण जनजीवनमा किसानले मलका भारी बोकेको यथार्थ पर्यावरण प्रस्तुत गरिएको छ ।

**उ.** परबाट हेर्दा नाङ्गै देखिने बूढाहरू खेत-खलियानमा काम गरिरहेका देख्छु कुप्रिएर । लगौँटी मात्र लगाएका बिचरा किसानहरूका ती तीनबित्ते कौपीन पसिना-मयलले यति काती-काला भएका देखिन्छन् कि शरीरको रङगसँग सहजै मिल्न पुग्छन् । (अलिखितको दूर गाउँमा, पृ.१६१)

माथिको साक्ष्यमा ग्रामीण जनजीवनको घत लाग्दो तर वास्तविक चित्रण गरिएको छ । विशेष गरी तराई क्षेत्रका पुरुषहरूले खेतीपाती गर्ने सन्दर्भमा लगौँटी मात्र लगाएर काम गरिरहेको दृश्यलाई नियात्राकारले ग्रामीण पर्यावरणभित्र कैद गर्न भ्याएका छन् ।

**ऊ.** उहिलेको तेल पेल्ने कोल हेरीयो । पुराना ढिकी, जाँतो, हुक्का र धनुकाँड हेर्दै परम्परालाई तरोताजा पारेँ मैले । परस्पर मिलेका घुमाउने घर, मौरीका घार, दाउराका चाङ, मकैका सुली र परेवाका गुँड हेर्दै बस्तिको फन्को मारेँ मैले । (हिलेखर्कमा हाइसन्चो, पृ.२४०- ४१)

विवेच्य नियात्रामा ग्रामीण पर्यावरणमा विद्यमान कोल, ढिकी, जाँतो, हुक्का, धनुकाँड तथा घुमाउने घर, मौरीका घार आदिलाई समेटिएको छ । यी दृश्यहरू वर्तमान सन्दर्भमा ग्रामीण क्षेत्रमा समेत देख्न मुस्किल पर्छ । यो दृश्यले परम्परित ग्रामीण जनजीविकाका सामग्री एवम् बस्तीको झलक दिइएको छ ।

## धार्मिक पर्यावरण

कुनै पनि धर्म विशेषसँग सम्बन्धित पर्यावरणलाई धार्मिक पर्यावरण मानिन्छ । हरेक धर्मका आ-आफ्ना मान्यताहरू फरक-फरक भएजस्तै तिनका धार्मिक पर्यावरण पनि फरक-फरक हुनु वान्छनीय हुन्छन् ।। 'घामको चुम्बन' सङ्ग्रहमा प्रयुक्त धार्मिक पर्यावरणका साक्ष्यहरू निम्नानुसार छन् :-

**अ.** तारबारभित्र महामायाको मन्दिर, पूर्वी कुनामा र उत्तरी कुनामा लामो पाटी, त्यसकै हाराहरी पशिचममा शिवमन्दिर र पुजारी बस्ने पराले झुप्रो रहेछन् । (बुद्धको मावलमा पाहुना, पृ.८९)

माथिको साक्ष्यमा गौतम बुद्धको मावली गाउँ देवदहमा अवस्थित महामायाको मन्दिर र शिव मन्दिरलाई उल्लेख गर्दै धार्मिक पर्यावरण देखाइएको छ ।

**आ.** मन्दिर परिसरमा निकै रहेछन् मूर्तिहरू । चोरी हुँदा-हुँदा बचेका मायादेवी मन्दिरभित्रका मूर्तिहरूमा बिचमा मायादेवी र बुद्ध अनि दायाँ-बाँया श्रीलक्ष्मी, विष्णु, गणेश, शङ्कर, महारुद्र आदिका मूर्तिहरू सुसज्जित थिए । त्यस्तै मन्दिरबाहिरको स्तम्भमा शिव, नागराज, सप्तर्षि, द्वारपाल र ब्राह्मणका मूर्तिहरू छन् भने टाउका काटिएका सात कन्याका मूर्तिहरू त्यहिँ असरल्ल र अलपत्र परिरहेका भेटिन्छन् । (बुद्धको मावलमा पाहुना, पृ.८९)

माथिको साक्ष्यमा देवदहमा अवस्थित विविध मन्दिरमा रहेका मूर्तिहरूको वेवारिसे अवस्थालाई चित्रण गरिएको छ । मूर्तिहरूको संरक्षण नभएको, चोरिएको र असरल्ल फालिएको दृश्यले नागरिकमा धार्मिक चेतनाको अभाव खड्किन्छ । यसरी साक्ष्यले धार्मिक पर्यावरण दर्शाएको छ ।

**इ.** रूपन्देही जिल्लाको देवदह गाविस केरवानी क्षेत्रको वडा नं. ७ मा अवस्थित यो भूभाग बौद्धमार्गीहरूका निम्ति निकै आराध्य र, पूज्य रहिआएको छ । र हिन्दूहरूका निम्ति दर्शनीय स्थल पनि । (बुद्धको मावलमा पाहुना, पृ.९१)

माथिको साक्ष्यमा देवदहलाई वौद्ध तथा हिन्दूहरूको पावन भूमिका रूपमा चित्रण गरिएको छ । यसबाट नेपाली समाजको धार्मिक सहिष्णुताको ज्वलन्त उदाहरण देख्न सकिन्छ ।

**ई.** मानवसभ्यताको उच्च धरोहर आज आफ्नै जाति, आफ्नै धर्म र आफ्नै स्वजनबाट सरक्क बिर्सिएको देखेपछि मेरो मन रोयो कङ्कलाशब्द गरेर अलल्लिई-अलल्लिई । (बुद्धको मावलमा पाहुना, पृ. ९१)

विवेच्य नियात्रामा गौतम बुद्धको मावली भूमि देवदहमा जनता तथा राज्य पक्षबाट भएको हेलचेक्र्याईंका कारण नियात्राकार दुःखी बनेको धार्मिक पर्यावरणको सन्दर्भ आएको छ ।

**ऐतिहासिक पर्यावरण**

इतिहासका विषयवस्तुसँग सम्बन्धित पर्यावरण ऐतिहासिक पर्यावरण हो । किल्ला, गढी, प्राचीन दरबार, शिलालेख आदि ऐतिहासिक पर्यावरणअन्तर्गत पर्दछन् । 'घामको चुम्बन' सङ्ग्रहमा प्रयुक्त ऐतिहासिक पर्यावरणका साक्ष्यहरू निम्नानुसार छन् :-

**अ.** देवदह अर्थात् महामावन गौतम बुद्धको मामाघर । करिब पाँच बिघा क्षेत्रफलमा विस्तारित यो ठाउँ पुरातात्विक र ऐतिहासिक दृष्टिकोणले निकै महत्वपूर्ण भूमि रहेछ । (बुद्धको मावलमा पाहुना, पृ.८९)

माथिको साक्ष्यमा गौतम बुद्धको मावली गाउँ देवदहको ऐतिहासिक गरिमालाई उल्लेख गर्दै ऐतिहासिक पर्यावरणको बोध गराइएको छ ।

**आ.** वीर भनिएको नेपाली जातिको 'पानीमरुवा' परिचय यस ठाउँमा छ । जातिको वीरशाली शक्ति राजनीतिको धूर्त खेलमा यहाँ पराजित तुल्याइएको छ । (महाकालीमा छुटेको मन, पृ.१३१)

माथिको साक्ष्यमा इतिहासमा वीर कहलिएका नेपाली वर्तमान सन्दर्भमा लाछी भएको सन्दर्भलाई देखाइएको छ । विगतका वीर नेपाली हाल पराजित मानसिकता बोकेर निरिह बनेको प्रसङ्ग उतार्दै ऐतिहासिक पर्यावरणलाई सङ्केत गरिएको छ ।

**इ.** जङ्गबहादुर राणाले तिब्बतसँग युद्ध लड्दाको गढी रहेछ यो दुङ्नागढी । सामरिक महत्व बोकेको यो ऐतिहासिक किल्ला बेखबर छ अहिले । (दुङ्नागढीमा दौडादौड, पृ. २८४)

माथिको साक्ष्यमा जङ्गबहादुर राणाले तिब्बतसँग युद्ध गर्दाको दुङ्नागढी, यहाँको किल्ला र युद्ध कौशललाई प्रस्तुत गरी ऐतिहासिक पर्यावरणको यथार्थ चित्रण गरिएको छ ।

**ई.** 'वि.सं. १९१२ साल मङ्सिर महिनामा श्री जनरल वीर सम्सेर जङ्गबहादुर कुँवर राणाजीबाट मर्जी भै दुगुना बस्दा श्री लेफ्टिनेन्ट कर्णेल पहलमान सिंहले तजबिज गरी ३ पल्टनसमेत किल्ला छुट्टयाउँदा ठूलो किल्लाको नाप बाहिरी फेरो ५६१ प्रगन्ना हात १० मि. फेरि हात ५०० मुथी ४

माह हात १९ भित्री मैदान पूर्वपश्चिमतर्फ १११ हात भित्री मैदान उत्तरदक्षिण १६ पूर्वपश्चिम छ र गाह्रो ढोका दक्षिणतर्फ बाहरिया ढोका र जम्मा जग्गाको गढी ५७७' रहेको देखिन्छ । सम्वत १९१२ भित्र पौष सुदी १ रोज ३ देखि चैत्रभरी रोज ३ सम्म ।' (दुङ्नागढीमा दौडादौड, पृ. २८४-२८५)

माथिको साक्ष्यमा राणाकालीन शिलालेखको अवशेषलाई जस्ताको त्यस्तै उतारी ऐतिहासिक पर्यावरण समेटिएको छ ।

**राजनीतिक पर्यावरण**

राष्ट्रको शासनसम्बन्धी नीति वा व्यवस्थालाई राजनीति मानिन्छ । राजनितिसँग सम्बन्धित पर्यावरण राजनीतिक पर्यावरण हो । राष्ट्रको सिमाना, विकासको पुर्वाधार, जनताको जीवनस्तर आदि राजनितिक पर्यावरणका उदाहरण हुन् । 'घामको चुम्बन' सङ्ग्रहमा प्रयुक्त राजनीतिक पर्यावरणका साक्ष्यहरू निम्नानुसार छन् :-

**अ.** उहाँले त यसो पो भन्नुभयो- "भाइ, आफ्नै पसिना र परिश्रममा रमाइरहेका यी भूमिपुत्र-पुत्रीहरूलाई भोको गोजेरो कसरी भर्ने भन्ने रातोदिनको ध्याउन्न छ । यिनले कसरी पजेरोको रिस गर्दा हुन् ! बरु निमुखा जनताका पेटमा लात्ती हान्ने आततायीलाई पो नाङ्गेझार पार्नुपर्ने !!" (बुद्धको मावलमा पाहुना, पृ.८८)

विवेच्य नियात्रामा जनतामा जीवन निर्वाह मात्र गर्ने चिन्ता रहेको कटु यथार्थलाई चित्रण गरिएको छ । गरिबीको जाँतोले थिचिएका जनतालाई पसिना पोखेर गुजारा चलाउने कुरा मात्रै थाहा छ । उनीहरू नेताले मोजमस्ती गरेका कुरामा ध्यान दिन सक्दैनन् । तसर्थ नेतालाई कारवाही गर्नुपर्ने चेतनाको आग्रहतर्फ सङ्केत गर्दै राजनीतिक पर्यावरण बोध भएको छ ।

**आ.** नेपाल भनेको नीति-नियम बनाइटोपल्ने तर अनुगमन नगर्ने बेफिक्रीहरूको देशजस्तो लाग्न थालेको छ मलाई । राजधानीलगायलका सुविधासम्पन्न कानुनका तेजी आँखा पुग्ने ठाउँमा त सरकारी ध्यान पुग्दैन, यस्ता अनकन्टार ठाउँमा सरकारी चासो पुग्छ भन्नु त कल्पनाबाहिरकै कुरा हो । (महाकालीमा छुटेको मन, पृ.१२८)

माथिको साक्ष्यमा देखाउनका निम्ति नीति-नियम बनाउने तर कार्यान्वयनमा कदापि नल्याउने प्रवृत्तिको चित्रण गर्दै राजनीतिक पर्यावरण उतारिएको छ ।

**इ.** दुनियाँमा एक अमल भूमिका निम्ति युगौंदेखि स्वाभिमानी लडाइँ भइरहेछ, तर हाम्रा राज्य हाँक्ने 'बेचुवा' नेताहरू दिनदिनै छिमेकीले सीमा मिच्दा पनि बुझ पचाइरहेछन् । (महाकालीमा छुटेको मन, पृ.१२९)

माथिको साक्ष्यमा नियात्राकारले राष्ट्रिय स्वाभिमानको चर्चा गरेका छन् । राष्ट्रियता बेच्ने नेतालाई नियात्राकारले नाङ्गेझार बनाई राजनीतिक पर्यावरण खिचेका छन् ।

**ई.** त्यो बाँध टनकपुरको बाँध ! सडक तताउने बाँध ! नेपालका पुङमाङे पार्टीहरूले राजनीति गर्ने बाँध ! नेपालको संसद् घन्काउने बाँध ! हामी त्यसको वरपर गइरहेछौं । (महाकालीमा छुटेको मन, पृ.१३०)

माथिको साक्ष्यमा टनकपुर बाँधले नेपालको सडकदेखि सदनसम्म पारेको राजनीतिक पर्यावरणलाई चित्रण गरिएको छ ।

**उ.** सत्ताको कुर्सी ढलपलायो यै टनकपुरले । विपक्षीले चुनावी मसला बनायो यै टनकपुरलाई । सडकमा निहत्था मान्छे मारिए यै टनकपुरले । पार्टी-पार्टीमा फुट, जुट र गुटको कारण यै टनकपुर । ( महाकालीमा छुटेको मन, पृ.१३२-१३३)

माथिको साक्ष्यमा टनकपुर बाँधले नेपाली राजनीतिमा पारेको नकरात्मक प्रभावयुक्त पर्यावरणलाई उल्लेख गरिएको छ ।

**ऊ.** दिनभरि परिश्रम गर्दा पनि एक पेट भरिन नसक्ने आर्थिक दुरावस्था देखि निचोरिएँ म । आँखामा गरिबी गरिबी निवारण गर्ने अर्थमन्त्रीको 'रातो किताब' टल्किरह्यो..........टल्किरह्यो .....। ( अलिखितको दूर गाउंमा, पृ.१६३)

माथिको साक्ष्यमा अर्थमन्त्रिको बजेट भाषण र जनताको गरिबीबिचको बिरोधाभासलाई पर्दाफास गर्दै राजनीतिक पर्यावरण उतारिएको छ ।

**आर्थिक पर्यावरण**

धनसम्पत्ति, रूपैयाँपैसा आदिसँग सम्बन्धित पर्यावरण आर्थिक पर्यावरण हो । आर्थिक पर्यावरणमा बन्दब्यापार, जिविकोपार्जन आदि आर्थिक पर्यावरणका उदाहरण हुन् । 'घामको चुम्बन' सङ्ग्रहमा प्रयुक्त आर्थिक पर्यावरणका साक्ष्यहरू निम्नानुसार छन् :-

**अ.** घरको दलिनको खाँबोमा एउटा दस-बाह्रवर्षे बालकलाई बाँधिएको छ । ऊ बक्कै लाटो छ र पूर्णतया चेतनाशून्य पनि । उसको आङमा एउटा धरोसम्म छैन लुगाको । अर्थात निर्वाङ्ग छ । लाटो डुबेको छ आफ्नै गुहूमुतको आहालमा । (हाँसिरहेको घाम....,पृ.५८)

माथिको साक्ष्यमा आर्थिक अभावका कारण आफ्नो अबोध छोरालाई पशुलाईझैं किलामा बाँधेर बाबुआमा काममा गएको प्रसङ्ग आएको छ । अबोध बालक दिसापिसावमा डुबेको छ । दिसा खाने र शरीरमा दल्ने विभत्स काम बालकबाट भएको देखिन्छ । चरम आर्थिक अभावको दयनीय पर्यावरण प्रस्तुत गरिएको छ ।

**आ.** एउटै लुगाले देह छोप्ने छन्-मर्दाना हुन् कि जनाना ! दाप्सा लागेको पेट, कलेँटी परेका ओठ, पटपटी फुटेका हातखुट्टा । (अलिखितको दूर गाउँमा, पृ.१६६)

माथिको साक्ष्यमा चरम गरिबीको यथार्थ चित्रण उतारिएको छ । आर्थिक अभावका कारण मानिसहरू एउटै लुगाले शरीर ढाक्न बाध्य छन् । गरिबसँग एकसरो आङ ढाक्ने कपडासमेतको अभाव छ । पेटभरि खान पाएका छैनन् । सिङ्गो बस्ती नै गरिबीको चपेटामा भुङ्ग्रिएको छ । दुर्गम गाउँको चरम गरिबीको आर्थिक पर्यावरण प्रस्तुत भएको छ ।

**इ.** कि गाईवस्तु बाँध्ने गोठ कि सुँगुर थुन्ने खोर-एउटा घरको आधी भाग । सिङ्गै घरमा मान्छे मात्र बसेको देखिएन कतै पनि । (अलिखितको दूर गाउँमा, पृ.१६६)

माथिको साक्ष्यमा एउटै झुपडीलाई मानिसले आफू बस्ने र घरपालुवा जनावरलाई समेत त्यहीँ पाल्न बाध्य भएको आर्थिक पर्यावरणको झलक प्रस्तुत गरिएको छ ।

**ई.** परदेशीहरू सिकार भा'थे सङ्कटकालका । वरपरकाहरूले पिँढीपर्तिर ज्यान लान आँट नगर्ने समयकाल थियो । ('घामको चुम्बन' , पृ.२५८)

माथिको साक्ष्यमा सङ्कटकालको समयमा होटलले विदेशी ग्राहक नपाउँदा सस्तो दरमै कोठा दिएको सन्दर्भ उल्लेख भएको छ । यहाँ आर्थिक पर्यावरणसँग सम्बन्धित माग र पूर्तिको अन्तर्क्रियालाई उतारिएको छ ।

**भाषिक पर्यावरण**

कुनै खास जातजातिका भाषिक व्यवहारका साथै कुराकानी, संवाद, छलफल आदिसँग सम्बन्धित पर्यावरण भाषिक पर्यावरण हो । 'घामको चुम्बन' सङ्ग्रहमा प्रयुक्त भाषिक पर्यावरणका साक्ष्यहरू निम्नानुसार छन् :-

**अ.** को-को मरे ? अब को-को बाँचेका छन् ? कुराकानी भइरा' जस्तो लाग्थ्यो, हो रै'छ ।

भिमल ?

चलगइल !!

मतियाकी माई ?

चलगइल !! ............................ (अलिखितको दूर गाउँमा, पृ.१६५)

माथिको साक्ष्यमा भोजपुरी भाषामा कुराकानी भएको पर्यावरणको चित्रण भएको छ । गाउँका मानिसहरू को-को मरिसके र को-को जीवितै छन् भन्ने सन्दर्भमा प्रयुक्त भाषिक पर्यावरणलाई दर्शाइएको छ ।

**आ.** अब भीरबाट भैँसी स्वाहा !!
"राम-राम ! खस्यो-खस्यो भैँसी !"
गोठालो चिच्यायो । (सन्धिखर्के सन्त्रासको खिल, पृ.१७१)
माथिको साक्ष्यमा बाटोमा मोटरको आवाजले भैँसी तर्सिएर भिरबाट हाम फाल्दा गोठालाले चिच्याउँदै प्रयोग गरेको भाषिक व्यवहारको पर्यावरण देखाइएको छ ।

**इ.** "तलको बस्तीको नाम के पर्‍यो ?"

मैले जान्न खोजेँ ।

"घलडाँडा !"

अलिक अधबैँसे एक शब्दसगैँ दुई पाथी मुस्काई ।

"वनमै छ त घर तपाइँको ! किन घाँस काट्न वन पस्नुभा' नि ?"

ठट्टा पस्कैँ मैले । (हिलेखर्कमा हाइसन्चो, पृ. २३६)

माथिको साक्ष्यमा नियात्राकार र स्थानीय महिलाबिचको कुराकानी प्रस्तुत गरिएको छ । युवतीले घाँस काट्ने निहुँले वनमा जाने कुरा गर्नुबाट आलाङ्कारिक भाषिक पर्यावरणको झलक पाइन्छ ।

**ई.** "भोकले विरोधको रेस सुरु गर्न आठ, नौ, दस भनेर काउन्टडाउन सुरु गरिसक्यो !"
उत्तमका कुरा सुनिन्छन् ।
"जे आउँछ मज्जाले पचाऔँ !"
राजीवले विवशता पोखे । (दुङ्नागढीमा दौडादौड, पृ.२७५)
माथिको साक्ष्यमा खेलकुद र विज्ञापनको भाषिक पर्यावरणलाई टिपिएको छ ।

**उ.** भट्टराई भन्दै छन् -
"हेर्दा कालो, खाँदा कालो, फ्याँक्दा कालो !"
झन् चम्किए खत्री-
"जस्तो खायो उस्तै गयो
फेरि खायो गनाइगयो !"
निकै भए कोदे कुरा । (दुङ्नागढीमा दौडादौड, पृ.२७८)
माथिको साक्ष्यले यात्राका क्रममा भएका ठट्यौली युक्त भाषिक पर्यावरणको परिचय दिइन्छ ।

**ऊ.** मास्तिरको वनमा चरिरहेका गाई बोलाइरहेका थिए आँगनका बूढीहरू ।
"ओई पुनी !"
"आ चन्द्री !"
"फर्की फुँडी !"
"एई नक्कली !"
गुडुडु आइरहेथे वनबाट गाईहरू । (दुङ्नागढीमा दौडादौड, पृ.२८३)
माथिको साक्ष्यमा मानवेतरसँगको कुराकानीलाई देखाइएको छ । गोठालाले गाईवस्तुलाई मानिसलाईझैँ बोलाइरहेको भाषिक पर्यावरण प्रस्तुत गरिएको छ ।

**साहित्यिक पर्यावरण**

साहित्यसँग सम्बन्धित कार्यक्रम, विमोचन, गोष्ठी आदिलाई साहित्यिक पर्यावरण भनिन्छ । 'घामको चुम्बन' सङ्ग्रहमा प्रयुक्त साहित्यिक पर्यावरणका साक्ष्यहरू निम्नानुसार छन् :-

**अ.** नयाँ सडकको नसम्झेको एक साँझ गोविन्दजीले एउटा निम्तो थमाउनुभयो- एघारौँ साहित्य वन महोत्सव २००५ लेखिएको लामो कार्यक्रमको फेहरिस्तसहितको । (रामकलीको माइती देश, पृ.९४)

माथिको साक्ष्यमा साहित्यिक कार्यक्रमका लागि आएको निम्ताले साहित्यिक पर्यावरण दर्शाएको छ ।

**आ.** "म किन लेख्छु ? विषयमा रसिक, गोतामे, मनुजबाबु, विनय आदिका गर्विला र दर्बिला अभिव्यक्ति सुन्न पाइयो ।" (रामकलीको माइती देश, पृ.९८)

माथिको साक्ष्यमा "म किन लेख्छु ?" शीर्षकमा साहित्यकारहरूका अभिव्यक्ति आएका छन् । यसले साहित्यिक पर्यावरणलाई जनाएको छ ।

**इ.** अनि दिउँसोसम्म 'एक्काइसौँ शताब्दीका लागि नेपाली साहित्य' र 'नेवारी कविताको नवीनतम प्रवृत्ति' विषयक दुई कार्यपत्र प्रस्तुत गरिए । (रामकलीको माइती देश, पृ.१०४)

माथिको साक्ष्यले साहित्यिक विषयवस्तुमा आधारित कार्यपत्रलाई पर्यावरणका रूपमा उतारेको छ ।

**ई.** ज्यादै तन्मयतासाथ कविता सुनियो, मुक्तक सुनियो, गजल सुनियो अनि गीत सुनियो । (रामकलीको माइती देश, पृ.१०४)

माथिको साक्ष्यमा कविता, मुक्तक, गजल र गीत प्रस्तुत गरिएको साहित्यिक पर्यावरण चित्रण

**उ.** त्यसपछि सरिता पुस्तकालयको प्रकाशन रहेको मेरो 'इन्द्रेनी' सङ्ग्रह विमोचित हुनेछ । साथै नयाँघरे र सिलवालले ल्याउनुभएका पुस्तकहरू पुस्तकालयलाई समर्पण गरिने कार्यक्रम छ । (सन्धिखर्के सन्त्रासको खिल, पृ.१७७)

माथिको साक्ष्यले कृति विमोचनको सन्दर्भ र लेखकले पुस्तकालयलाई पुस्तक प्रदान गरेको साहित्यिक पर्यावरण देखाएको छ ।

**साङ्गीतिक पर्यावरण**

गीत सङ्गीत तथा नृत्यसँग सम्बन्धित पर्यावरण नै साङ्गीतिक पर्यावरण हो । 'घामको चुम्बन' सङ्ग्रहमा प्रयुक्त साङ्गीतिक पर्यावरणका साक्ष्यहरू निम्नानुसार छन् :-

**अ.** पसिनाले निथ्रुक्क भिजेको, घामले डढेको अगुल्टोजस्तो कालो एउटा भुरो भैँसीमाथि चढेर सुसेलिरहेको देख्छु- 'बलैँसीमा बगेको साउनको पानी, दुखियाले झेल्नुपर्ने धुर्कापानी' गीत मनभित्र कता-कता घन्कियो, मन छोएर घन्कियो । (रामकलीको माइती देश, पृ.९५)

माथिको साक्ष्यले 'बलैँसीमा बगेको साउनको पानी, दुखियाले झेल्नुपर्ने धुर्कापानी' गीतको बोलमा गोठालाले सुसेली गाएको साङ्गीतिक पर्यावरणको बोध गराएको छ ।

**आ.** 'चितौनको गैँडा-हात्ती, मयूरको ताँती' धुन कसैले सुसेल्यो !!! (रामकलीको माइती देश, पृ.१०६)

माथिको साक्ष्यमा 'चितौनको गैँडा-हात्ती, मयूरको ताँती' बोलमा सुसेलेको साङ्गीतिक पर्यावरण खिचिएको छ ।

**इ.** अघि बाटामा बद्रीजीले स्थानीय गीत गाउनुभा'थ्यो -

"पाको फल चरीले खायो

काँचो फल रुखै छ

जाँसम्म परानी र'न्छ

वाँसम्म दुःखै छ ।"

डोटेली स्वरमा समग्र नेपालीको अन्तर्मन ब्यक्तिएजस्तो मलाई लाग्यो । (महाकालीमा छुटेको मन, पृ. १२७)

माथिको साक्ष्यमा पश्चिमी लवजमा लोकगीत गाइएको सन्दर्भले साङ्गीतिक पर्यावरण बोकेको छ ।

**ई.** ठुलो ढुङ्गामा अडेसिएका उत्तमले गीत छेडे -

"धामी दाइले पड्काइहाले

मान्छे खाने काललाई

मलसाँप्रोले छोरो पायो

सूतक पऱ्यो स्याललाई

......................... ।" (दुङ्नागढीमा दौडादौड २७४)

माथिको साक्ष्यमा झ्याउरे भाकामा हास्यव्यङ्ग गीत गाइएको छ । यो सन्दर्भले साङ्गीतिक पर्यावरण बोध गराउँछ ।

**सामरिक पर्यावरण**

युद्व वा लडाइँसँग सम्बन्धित पर्यावरण सामाजिक पर्यावरण हो । युद्व, युद्वजन्य त्रास, छेकथुन आदि सामरिक पर्यावरणअन्तर्गत पर्दछ । 'घामको चुम्बन' सङ्ग्रहमा प्रयुक्त सामरिक पर्यावरणका साक्ष्यहरू निम्नानुसार छन् :-

**अ.** कर्फ्यू, सङ्कटकाल, सुरक्षा जाँच र दोहोरो भिडन्तको खबरलाई कोखामा कैद गरेर हामी सन्धिखर्क हान्निएथ्यौं । (सन्धिखर्के सन्त्रासको खिल, पृ.१७०)

माथिको साक्ष्यले माओवादीले दशवर्षे जनयुद्धको क्रममा चलाएको युद्धको झलक दिन्छ । तात्कालीक युद्धका क्रममा भएका कर्फ्यु, सङ्कटकाल, सुरक्षा जाँच र दोहोरो भिडन्त जस्ता सामरिक पर्यावरणको सजीव चित्र उतारिएको छ ।

**आ.** द्वन्द्व, अपहरण, हत्या र हिंसाले चुलिएको भुइँ टेकेर कुदिरहेको छु । अनि चराको प्वाँख टाँसेर, घोडाको कुदाइ हुर्काएर, कुकुरको सुनाइ पालेर हिँड्न भो त मैले ? (सन्धिखर्के सन्त्रासको खिल, पृ.१७१)

माथिको साक्ष्यले युद्धको सन्त्रासलाई प्रस्तुत गरेको छ ।

**इ.** हाम्रो गाडीको पछाडि आठ-दश बोरा किताबका चाङ थिए । ती खात देखेर बटुवाका आँखामा घोर चमक छाउँथ्यो । वास्तवमा सुरक्षा जाँचले त्यो रासलाई पालैसान्ती हेर्ने हो भने एक दिन रामैसँग बित्थ्यो । (सन्धिखर्के सन्त्रासको खिल, पृ.१७१)

माथिको साक्ष्यमा सुरक्षाकर्मीले सुरक्षा जाँचका नाममा गर्ने लापरबाहीलाई बोध गराइएको छ ।

**ई.** राति गाडीहरू आउजाउ नहुने समय र स्थानमा पुगेका रहेछौं हामी । सिपाहीहरू आएर खैखबर गरे । तीनपुस्ते सोधेर चोख्याए सुनपानीले । (सन्धिखर्के सन्त्रासको खिल, पृ.१७२)

माथिको साक्ष्यमा युद्धकालीन समयमा सुरक्षाकर्मीले जनतासँग गर्ने सोधपुछको पर्यावरण प्रस्तुत गरिएको छ ।

**उ.** चारैतिरबाट घेरेर गोली हान्न थाले । जताततै आगोको मुस्लो र मान्छेको रुवाबासीले कानको जाली नै चर्केलाजस्तो भयो । (सन्धिखर्के सन्त्रासको खिल, पृ.१७७)

माथिको साक्ष्यमा युद्धकालीन घटनाको भयानक पर्यावरणको चित्रण गरिएको छ । बम र गोलीको आवाजले चित्कार दिएका मानिसको दयनीय सामरिक पर्यावरण खिचिएको छ ।

**ऊ.** माथ्लो तलामा लोग्ने र तल्लो तलामा छोरो मरेको बिचको तलामा बसेर हेर्ने आइमाई अहिले सन्धिखर्क बजारमा बहुलाएर नाङ्गै हिँड्ने गर्छे । कतैपट्टिको गोलीले नि न्याय पाइन उसले ! ( सन्धिखर्के सन्त्रासको खिल, पृ.१७८)

माथिको साक्ष्यमा युद्धका कारण लोग्ने र छोरो गुमाएर पागल बनेकी महिलाको दीनहीन अवस्थाको चित्रण भएको छ ।

**प्रकोपीय पर्यावरण**

प्रकृतिको बिनाशबाट उत्पन्न भएका वा हुन सक्ने खतरालाई प्राकृतिक प्रकोप भनिन्छ । यस किसिमको बाढी, पहिरो, डढेलो, जङ्गल फँडानी आदिसँग सम्बन्धित पर्यावरण नै प्रकोपीय पर्यावरण हो । 'घामको चुम्बन'  सङ्ग्रहमा प्रयुक्त प्रकोपीय पर्यावरणका साक्ष्यहरू निम्नानुसार छन् :-

**अ.** प्रकृतिका यी अनमोल प्राणीलाई मान्छेले विस्थापित गर्न खोजेको अल्पबुद्धि पटक्कै निको लागेन मलाई । (हाँसिरहेको घाम... पृ.६०)

माथिको साक्ष्यमा प्रकृतिका विविध प्राणीलाई मानिसका कारण बाधा परिरहेको सन्दर्भ उल्लेख गरी प्रकोपीय पर्यावरण उतारिएको छ ।

**आ.** अर्को शताब्दीमा हाम्रो घर पनि चिडियाखाना, माइत पनि चिडियाखानै हुनेछ । किनकि वनको अस्तित्व मटियामेट हुनेछ त्यतिन्जेलमा !! (रामकलीको माइती देश, पृ.१००)

माथिको साक्ष्यमा स्वैरकल्पना प्रयोग गरिएको छ । नियात्राकारले हात्तीसँग कुराकानी गरेका छन् । जङ्गल फडानीका कारण हात्तीको अस्तित्व चिडियाखानामा मात्र सीमित हुने तर्क दिँदै प्रकोपीय पर्यावरणको बोध गराइएको छ ।

**इ.** हाम्रा ऋषिमुनिहरूले प्रकृतिको शान्तिमा त्रिकालदर्शी चेतनालाई तिखारे, हाम्रा महामनावहरूले प्रकृतिको सुरम्यतामा अजेय शास्त्रको सिर्जना गरे अनि हाम्रा तपस्वीहरूले प्रकृतिको निर्मलतामा अथाह ज्ञानरहस्यका दर्शन प्रतिपादन गरे । (रामकलीको माइती देश, पृ.१००)

माथिको साक्ष्यमा पूर्वीय मानवले आफ्नो सनातन परम्परा बिर्सिएको प्रसङ्ग कोट्याइएको छ । करेसामा लगाइएको असारे फूलको बारलाई मासेर सिमेन्टको पर्खाल लगाउनुले प्रकोपलाई सङ्केत गरेको छ ।

**ई.** नदी आयो । पीताम्बर ओढेको नदी -धमिलो नदी । (अलिखितको दूर गाउँमा, पृ. १६१)

माथिको साक्ष्यमा धमिलो नदीको चित्रण गरी पर्यावरणीय प्रकोपलाई बोध गराइएको छ ।

**उ.** नयाँ घाँस पाउलिएला भनेर लगाइएको आगोले कति कुरा खरानिन्छन्-भनी साध्य भए पो ! साना बिरुवाको त कुरै छोडौं, जमिनमुनि बस्ने सयौं प्रजातिका जीवजन्तु कति स्वाहा होलान् ? (हिलेखर्कमा हाइसन्चो, पृ. २३२)

माथिको साक्ष्यले डढेलोका कारण वन्यजन्तु, वनस्पती र जडीबुटी आदिमा पारेको नकरात्मक प्रभावको चित्रण गर्दै प्रकोपीय पर्यावरणलाई प्रस्तुत गरिएको छ ।

**शैक्षिक पर्यावरण**

शिक्षासँग सम्बन्धित पर्यावरण विद्यालय, विद्यार्थी, शैक्षिक गतिविधि जस्ता पर्यावरणलाई शैक्षिक पर्यावरण भनिन्छ । 'घामको चुम्बन' सङ्ग्रहमा प्रयुक्त शैक्षिक पर्यावरणका साक्ष्यहरू निम्नानुसार छन् :-

**अ.** चौरभरि विद्यार्थी छन्, कक्षामा त शैक्षिक प्रगति-विवरणको तालिका झुन्डिरहेको होला ! आफैं बोल्छु । (महाकालीमा छुटेको मन, पृ. १२८)

माथिको साक्ष्यमा कक्षाकोठा बाहिर विद्यार्थीलाई पढाइएको दृश्य समेटिएको छ । यसले शिक्षकहरू आफ्नो काम प्रति जिम्मेवार नभएको शैक्षिक पर्यावरणलाई सङ्केत गरेको छ ।

**आ**. "नेपालको आधुनिक शैक्षिक प्रतिष्ठान !"

भवन देखाएर उत्तम बाले ।

"यी हुन् भोलिका कर्णधार !"

कोठाका चौपाया देखाएर राजीव बोले ।

म अवाक् भएँ तिनको टिप्पणीले । (दुङ्नागढीमा दौडादौड, पृ.२७६)

माथिको साक्ष्यमा विद्यालयका कक्षाकोठालाई विद्यार्थीले नभई गाईवस्तुले उपयोग गरेको तितो यथार्थ चित्रण गरिएको छ । संवादका क्रममा यस्ता विद्यालयलाई आधुनिक शैक्षिक प्रतिष्ठान र गाईवस्तुलाई भोलिका कर्णधार भनी व्यङ्ग गरिएको छ । शैक्षिक भवनको दुरूपयोगको यथार्थ चित्रण गरिएको छ ।

## निष्कर्ष

नियात्राकार युवराज नयाँघरेद्वारा लिखित 'घामको चुम्बन' नियात्रा सङ्ग्रह पर्यावरणीय दृष्टिले उत्कृष्ट कृति हो । यो कृति नेपाली समग्र पर्यावरणको सङ्ग्रह हो । प्रस्तुत समालोचनामा पर्यावरणसम्बन्धी सिद्धान्तका मूल दृष्टिकोणका आधारमा दस ओटा नियात्राहरूको विश्लेषण गरिएको छ । नियात्रामा भौगोलिक, प्राकृतिक, सांस्कृतिक, ग्रामीण, धार्मिक, ऐतिहासिक, राजनीतिक, आर्थिक, भाषिक, साहित्यिक, साङ्गीतिक, सामरिक, प्रकोपीय र शैक्षिक गरी चौधओटा पर्यावरणका घनीभूत सन्दर्भ, प्रसङ्ग तथा झलक खिचिएका छन् । नियात्राकारले भौगोलिक र प्राकृतिक पर्यावरण भित्र देशको सुन्दरताको जादुगरी वर्णन गरेका छन् । सांस्कृतिक पर्यावरणको चर्चा गर्ने क्रममा हिमाल, पहाड र तराईका साथै नेपालको पूर्वदेखि पश्चिमसम्मका विभिन्न जातजातिका मौलिक, सांस्कृतिक मान्यताको यथार्थ तस्बिर उतारिएको छ । नयाँघरेको कलम, ग्रामीण पर्यावरण उतार्न अब्बल रहेको छ । धार्मिक र ऐतिहासिक पर्यावरणको वस्तुपरक चर्चा भएको छ । राजनीतिक पर्यावरणभित्र नेताहरूको बेइमानी, देखावटी नीतिनियमको निर्माण तथा नाम मात्रका विकासका अभियान आदिलाई समेटिएको छ । आर्थिक पर्यावरणभित्र जनताको गरिबी, अभाव र सङ्कटको वास्तविकता उतारिएको छ । यसका साथै आयआर्जन, बन्दव्यापार र बजारका आर्थिक गतिविधिले पनि पर्याप्त स्थान पाएका छन् । भाषिक पर्यावरणमा ग्रामीण भाषा, राष्ट्र भाषा, नेपाली भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्ने प्रयोगकर्ता एवम् मानवेतर भाषासमेत प्रयुक्त छ । साहित्यिक पर्यावरणअन्तर्गत साहित्यिक कार्यक्रमको झलक, विमोचन, काव्य वाचन, गोष्ठी आदिले पर्याप्त स्थान पाएका छन् । लोकगीत, व्यङ्ग्यगीत र सुसेलीले साङ्गीतिक पर्यावरण चुलिएको छ । सङ्कटकाल, सुरक्षा जाँच, एम्बुस, दोहोरो भिडन्त आदिलाई समेटी नेपालको दसवर्षे जनयुद्धको भयानक सामरिक पर्यावरणले स्थान पाएको छ । प्रकोपीय पर्यावरणअन्तर्गत जङ्गल फडानी, आगोलागी, बाढी, पहिरो आदिको मार्मिक पक्षलाई दर्शाइएको छ । शैक्षिक पर्यावरणअन्तर्गत दूर दराजका विद्यालयको वास्तविक अवस्थाको चित्रण गरिएको छ ।

## सन्दर्भ ग्रन्थसूची

क्षेत्री, उदय • (२०६४) • *समाजशास्त्रीय दृष्टिमा इन्दबहादुर राईका आख्यानको अध्ययन* • विद्यावारिधि शोध प्रबन्ध • त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय, नेपाली केन्द्रीय विभाग ।

जैन, निर्मला • (सन् १९९२) • *साहित्यका समाज शास्त्रीय चिन्तन* (अनु.) (दो.संस्क.) दिल्ली : मोर्डन टाउन ।

त्रिपाठी, गीता • (२०७३) • *नेपाली नियात्रा सिद्धान्त र प्रयोग*• काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

नयाँघरे युवराज • (२०६९) • *'घामको चुम्बन'* • काठमाडौँ : रत्नपुस्तक भण्डार ।

भट्टराई, गोविन्दराज • (२०६४) • *उत्तर आधुनिक विमर्श* • काठमाडौँ : मोर्डन बुक्स ।

व्यास, निर्मोही • (२०७०) • *यात्रा साहित्यको सिद्धान्त* • ललितपुर : विणा पोखरेल ।